# तारागाउँ रिजेन्सी होटल्स लिमिटेड

## M/s Taragaon Regency Hotels Ltd.

HYATT REGENCY

बौद्ध, काठमाडौं, नेपाल, फोनः ५१७१२३४, ४२१७१२३, फ्याक्सः ५१७८३३३

को

# शेयरधनी महानुभावहरूलाई नगद लाभांश वितरण तथा शेयर अभौतिकीकरण गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

तारागाउँ रिजेन्सी होटल्स लिमिटेडको मिति २०८१/०९/२४ गते सम्पन्न २८औं वार्षिक साधारण सभाबाट पारित भएको ११ प्रतिशत (कर बाहेक) का दरले नगद लाभांश मिति २०८१/०९/०६ गतेसम्म हितग्राही खातामा बैंक/वित्तीय संस्थाको खाता नम्बर उल्लेख/अध्यावधिक भएका शेयरधनीहरूको हकमा उक्त लाभांश रकम बैंक खातामा जम्मा गरिसकिएकोले आफ्नो बैंक खातामा लाभांश प्राप्त भए नभएको यकिन गर्नुहुन अनुरोध छ । साथै भौतिक रूपमा कायम शेयरधनीहरूको हकमा आफ्नो शेयर प्रमाणपत्र अभौतिकीकरण गरे पश्चात मात्र नगद लाभांश सम्बन्धित शेयरधनीहरूको हितग्राही खातामा उल्लेख गरेका बैंक खातामा पठाउने व्यवस्था मिलाईनेछ ।

तसर्थ आफ्नो शेयर प्रमाणपत्र हालसम्म अभौतिकिकरण नगर्नु भएका शेयरधनी महानुभावहरूले यथाशीघ्र आफूले डिम्याट खाता खोलेको सम्बन्धित निक्षेप सदस्यमा सर्म्पक गरी आफ्नो शेयर प्रमाणपत्र अभौतिकीकरण गरी नेपाल क्लियरीङ्ग हाउस अन्तर्गत IPS सदस्यता प्राप्त कुनै पनि बैंक तथा वित्तीय संस्थामा रहेको आफ्नो बैंक खाता नम्बर सहितको विवरण अद्यावधिक गर्नुहुन अनुरोध गर्दछौं ।

हालसम्म पनि आफ्नो हितग्राही खातामा बैंक/वित्तीय संस्थाको खाता अध्यावधिक नगराउनु भएका तथा हितग्राही खातामा उल्लेखित बैंक खाता भएको बैंक तथा वित्तीय संस्था मर्जरको कारणले गर्दा परिवर्तन भएका शेयरधनी महानुभावहरूले आफ्नो हितग्राही खाता रहेको सम्बन्धित निक्षेप सदस्यमा सम्पर्क राखि हितग्राही खातामा बैंक खाता अध्यावधिक गराई समयमा नै आफ्नो लाभांश प्राप्त गर्नुहुन अनुरोध छ ।

कम्पनीको शेयर मिति २०८१/०९/०६ गतेसम्म धितो बन्धक राखी कर्जा लिएका शेयरधनीहरूको नगद लाभांश सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट No Objection Letter प्राप्त भए पश्चात् मात्र बैंक खातामा जम्मा गरिने र सो मिति पश्चात् कर्जा चुक्ता भुक्तानी गर्नु भएका शेयरधनीहरूको हकमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाको फुकुवा पत्र (Release Letter) प्राप्त भए पश्चात् मात्र बैंक खातामा जम्मा गरिने व्यहोरा समेत यसै सूचना मार्फत सूचित गर्दछौं ।

साथै विविध कारणबश नगद लाभांश रकम जम्मा नभएको/फिर्ता भएको शेयरधनीहरूको विवरण एन आई सी एशिया क्यापिटलको वेभसाईड www.nicasiacapital.com बाट समेत प्राप्त गर्न सक्नु हुनेछ ।

**शेयर रजिष्ट्रारः**

NIC ASIA CAPITAL

**एन आई सी एशिया क्यापिटल लिमिटेड**
चौथो तल्ला, ट्रेड टावर नेपाल, थापाथली -११, काठमाडौं
फोनः ९७७-१-५७०५९९४, फ्याक्सः ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com
Website: www.nicasiacapital.com